puthauttargangamun.gov.np
info@puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com
9857880303, 9857880404

स्थानीय सरकार
पुथा उत्तरगङ्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: ०८०।०८१
सूचना नं. :४७

मिति:२०८१।०१।३१
ने.सं.: (११४४ वछलाथ्व, ६ सोमबार)

## नि:शुल्क कक्षा सञ्चालन सम्बन्धी सूचना !

यस पुथा उत्तरगङ्गा गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ मा **"प्रदेश सरकारबाट हस्तान्तरित शिक्षक सेवा आयोग, अध्यापन अनुमति पत्र तथा अन्य अतिरिक्त कक्षा सञ्चालन कार्यक्रम"** शीर्षकमार्फत विनियोजित बजेटबाट यस गाउँपालिकाको **"अतिरिक्त क्रियाकलाप तथा स्थायी अध्यापन अनुमति पत्र नि:शुल्क कक्षा सञ्चालन कार्यविधि, २०८०"** को परिधिभित्र रही **"भौतिक रूपमा निम्न नि:शुल्क कक्षा सञ्चालन"** को लागि तपसिलका न्यूनत्तम योग्यता पुगी पुथा उत्तरगङ्गा गाउँपालिकाभित्र रहेका ईच्छुक व्यक्तिहरूले यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र आवश्यक प्रक्रिया सहित यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन सबैमा यो सूचना प्रकाशन गरिएको छ।

- **सञ्चालन हुने कक्षाहरू :**

१) प्रशासनतर्फ सहायकस्तर चौथो र पाँचौ तह तयारी कक्षा
२) आधारभूत तह स्थायी अध्यापन अनुमति पत्र तयारी कक्षा
३) कम्प्युटर आधारभूत कक्षा (Computer Basic Course)

- **आवश्यक न्यूनत्तम शैक्षिक योग्यता :**

**१) सहायकस्तर चौथो :** एस.एल.सी/एस.ई.ई वा सो सरह उत्तीर्ण (एस.ई.ई.को हकमा कम्तिमा १.२ GPA प्राप्त गरेको)
**२) सहायकस्तर पाँचौ :** १०+२ वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण (ग्रेड प्रणालीको हकमा कम्तिमा १.२ GPA प्राप्त गरेको)
**३) आधारभूत तह स्थायी अध्यापन अनुमति पत्र :** कम्तिमा २०० पूर्णाङ्क शिक्षा विषय लिई १०+२ वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण
**४) Computer Basic Course :** कम्तिमा एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण (२०८० सालमा एस.ई.ई. परीक्षा दिएका विद्यार्थीले पनि पाउने)

- **प्रमुख प्रशासकीय अधिकृतलाई सम्बोधन गरी निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू :**

- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नागरिकता/जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि
- हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति, सम्बन्धित वडाको सिफरिस

- **अभिमूखीकरण कक्षा सञ्चालन मिति :** २०८१ जेठ १५ गते मङ्गलबार बिहान ८:०० बजे
- **अभिमूखीकरण कक्षा सञ्चालन स्थान :** पुथा उत्तरगङ्गा गाउँपालिकाको सभाहल
- **भौतिक रुपमा कक्षा सञ्चालन मिति :** २०८१ जेठ १६ गते बुधबार
- **विस्तृत जानकारीका लागि :** यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा वा निम्न नम्बरहरूमा सम्पर्क गर्नुहोला।

**सम्पर्क नं. :** ९८५७८८०३०३, ९८५७८८०४०४
**बोधार्थ :** गाउँपालिकास्थित वडा कार्यालयहरू सबै (सहजीकरण गर्नुहुन)

२०८१।०१।३१
समिर गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत

puthauttargangamun.gov.np
info@puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com
9857880303, 9857880404

स्थानीय सरकार
पुथा उत्तरगङ्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: ०८०।०८१
सूचना नं. : ४६

मितिः२०८१।०१।३१
ने.सं.: (११४४ वछलाथ्व, ६ सोमबार)

**श्री गाउँपालिकाभित्रका माध्यमिक विद्यालयहरू सबै,**
**पुथा उत्तरगङ्गा गाउँपालिका, रुकुम पूर्व।**

विषय : **अतिरिक्त क्रियाकलाप सञ्चालन सम्बन्धी सूचना।**

१७ औँ गणतन्त्र दिवसको अवसरमा यस पुथा उत्तरगङ्गा गाउँपालिका र नेपाल मगर समाज सेवा तथा सूचना केन्द्र (मिक नेपाल), यू.एम.एन. रुकुम पूर्व क्लष्टरको साझेदारीमा दिगो वातावरण तथा आर्थिक विकास परियोजनाअन्तर्गत यस गाउँपालिकाभित्र रहेका माध्यमिक विद्यालयस्तरीय तपसिलका अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिने भएको हुँदा विद्यालयबाट तोके बमोजिमका विद्यार्थीहरूको अनिवार्य सहभागिताका लागि यो सूचना प्रकाशन गरिन्छ।

**तपसिल :**

| क्र.सं. | क्रियाकलाप | सहभागी सङ्ख्या | सञ्चालन मिति | कै. |
|---|---|---|---|---|
| १ | वक्तृत्वकला प्रतियोगिता (वनजङ्गल र जडिबुटी: पुथा उत्तरगङ्गाको ढुकुटी) | प्रति विद्यालय १ जना छात्र र १ जना छात्रा गरी २ जना | २०८१।०२।१४ गते सोमबार | प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय स्थान हासिल गर्ने प्रतियोगिहरूलाई उचित पुरस्कार सहित प्रमाणपत्र वितरण गरिनेछ। |
| २ | अङ्ग्रेजी हिज्जे प्रतियोगिता (Spelling Contest) | प्रति विद्यालय १ जना छात्र र १ जना छात्रा गरी २ जना | २०८१।०२।१५ गते मङ्गलबार | |
| ३ | हाजिरीजवाफ प्रतियोगिता | प्रति विद्यालय १ जना छात्रा सहित ३ जना | २०८१।०२।१५ गते मङ्गलबार | |

**द्रष्टव्य :**

१) उल्लेखित क्रियाकलापमा प्रत्येक विद्यालयहरूले अनिवार्य रूपमा सहभागिता जनाउनुपर्नेछ। यसरी सहभागिता जनाउँदा अनिवार्य रूपमा विद्यार्थीहरू परिचयपत्र सहित विद्यालय पोसाकमा सहभागी हुनुपर्नेछ।

२) एउटा विद्यालयबाट सहभागी विद्यार्थीहरूको संरक्षकको रूपमा १ (एक) जना शिक्षक वा शिक्षिका उपस्थित हुनुपर्नेछ।

३) सहभागी हुने विद्यार्थीहरूको दर्ता फाराम सँगै जन्म दर्ताको प्रतिलिपि समावेश गर्नुपर्नेछ। दर्ता फाराम यसै सूचना साथ संलग्न गरिएको छ।

४) सहभागीहरूलाई वास्तविकताका आधारमा यातायात एवम् आवासको व्यवस्था गरिनेछ।

२०८१।०१।२९

समिर गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत

समिर गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत